# शहिद लखन गाउँपालिकाको
# न्यूनतम समर्थन मूल्य अनुदान भुक्तानी कार्यविधि,
# २०७९

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ्ग, गोरखा

**शहिद लखन गाउँपालिकाको न्यूनतम समर्थन मूल्य अनुदान भुक्तानी कार्यविधि, २०७९**

**प्रस्तावनाः** शहिद लखन गाउँपालिकालाई गोरखाको सदरमुकाम रहेको गोरखा नगरपालिकाले छोएको उत्तर पश्चिम गोरखा बजार दक्षिण खैरेनी र मुग्लिन बजार रहेकाले उक्त बजार हुदै नारायणगढ, पोखरा, काठमाडौं जस्ता ठूला बजारमा कृषि उपज सजिलै पु¥याउन सकिन्छ । शहिद लखन गाउँपालिकाका अधिकांश व्यवसायिक कृषकहरुको उत्पादन लागत भन्दा पनि कम मूल्यमा तरकारी लगायत कृषि उपजको बिक्री गर्नुपर्ने अवस्था बारम्बार दोहोरिरहेको पाईएको छ। कृषकहरुलाई कृषि उत्पादनको बजारीकरण र उचित दरभाउ प्रति सुनिश्चितता कायम गरि कृषि पेशालाई थप प्रोत्साहन गर्नका निम्ति पालिकास्तरीय न्यूनतम समर्थन मूल्य निर्धारण गर्न आवश्यक देखिएकोले कृषकहरुको उत्पादन लागतलाई आधार मानि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा,११ को उपदफा २"ण" मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न दफा १०२ को उपदफा २ को अधिकार समेत प्रयोग गरी शहिद लखन गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेदः १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम **"शहिद लखन गाउँपालिकाको न्यूनतम समर्थन मूल्य अनुदान भूक्तानी कार्यविधि,२०७९"** रहनेछ।

२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति बाट लागू हुनेछ।

**२. परिभाषा र व्याख्याः**

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) "उत्पादक" भन्नाले कृषिवस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले शहिद लखन गाउँ कार्यपालिका सम्झनुपर्छ।

(ङ) "कृषक" भन्नाले यस कार्यविधिको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनु पर्छ ।

(च) "अनुदान" भन्नाले समाजका विभिन्न क्षेत्रका विकासको लागि गाउँपालिकाबाट कुनै व्यक्ति वा संस्थालाई प्रदान गरिने संस्थागत अनुदान, कार्यक्रम अनुदान र पूँजिगत अनुदान समेतलाई जनाउनेछ ।

(छ) "गाउँपालिका" भन्नाले शहिद लखन गाउँपालिका, गोरखा सम्झनु पर्छ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(झ) "वडा" भन्नाले गाउँपालिकाको वडा सम्झनुपर्छ।

## परिच्छेदः २
## कार्यविधिको उद्देश्य

**३. यस कार्यविधिको उद्देश्य देहाय वमोजिम हुनेछः**

१) हाल विभिन्न कारणले कृषि उपज बस्तुहरुको दरभाउमा एकरुपता नरहेको र कृषकले समय समयमा आफ्नो उत्पादनको अति न्यून दरभाउ समेत नपाएर घाटा व्यर्होनुपर्ने अवस्थालाई न्यूनिकरण गर्नका निम्ति कृषकको उत्पादन लागतको आधारमा न्यूनतम् समर्थन मूल्य अनुदान कार्यक्रम संचालन गर्ने ।

## परिच्छेदः ३

## अनुदान वितरणको लागि सहकारी/संकलन केन्द्र छनौट र सम्झौता प्रक्रिया

**४. छनौट प्रक्रियाः**

१) यस कार्यक्रमको सुरुवातमा पालिकाद्वारा प्रत्येक वडामा एक वडा एक कृषि सहकारी वा संकलन केन्द्रलाई वडा स्तरीय सहकारी वा संकलन केन्द्रको रुपमा निर्धारण गर्ने छ। त्यसैगरी तोकिएको कृषि सहकारी वा संकलन केन्द्रहरुमध्ये कुनै एक सहकारी वा संकलन केन्द्रको चलायमानता र सान्दर्भिकताको आधारमा पालिकास्तरीय कृषि सहकारी/संकलन केन्द्रको रुपमा छनौट गर्ने छ ।

२) पालिकाद्वारा छनौट भएको पालिकास्तरीय कृषि सहकारी/संकलन केन्द्रसँग वडा स्तरीय कृषि सहकारीहरुले आपसमा सम्झौता गरी कृषि उपजको व्यापारिक कारोबार गर्न सक्ने छन् ।

३) कृषकले कृषि उपजमा न्यूनतम समर्थन मूल्य प्राप्त गर्नको लागि गाउँपालिकाको कुनै एक कृषि सहकारीको सदस्य भइ अनुसूचि १ बमोजिमको निवेदन दिइ सहकारीमा कृषक सूचिकृत भएर तोकिएको कृषि सहकारीबाट कृषि उपजको कारोबार गरेको हुनुपर्ने छ ।

४) कृषकले गाउँपालिकाद्वारा उपलब्ध गराइने न्यूनतम समर्थन मूल्य र उत्पादनमा आधारित अनुदान सुविधा मध्ये कुनै एउटा सुविधा मात्र लिन सक्ने छन्

५) अनुसूची १ मा उल्लिखत तरकारी उपजहरुमा तोकिए बमोजिमको न्यूनतम समर्थन मूल्य प्रदान गरिने छ ।

६) कृषकले उत्पादनमा आधारित अनुदान तर्फबाट कारोबार गर्दा वा न्यूनतम समर्थन मूल्यको आधारमा कारोबार गर्दा उपजको जसरी बढि मूल्य कायम हुन्छ त्यही सुविधा प्रदान गरिने छ ।

७) कृषि उपजको कारोबार गर्ने सहकारीले अनुसूचि २ बमोजिमको ढाँचामा कारोबारको अभिलेख सहित अनुदान प्राप्त गर्नको लागि गाउँपालिकामा निवेदन दिनुपर्ने छ ।

८) कृषि उपजको कारोबार गर्ने सहकारीले गाउँपालिकाबाट अनुदान रकम प्राप्त भएको ३ दिन भित्र अनुदान रकम भुक्तानी गर्ने सम्बन्धमा सूचना पाटीमा सूचना टाँस गरी यथासक्य चाँडो सो रकम भुक्तान गर्नुपर्ने छ ।

९) यस कार्यक्रमको सुरुवातमा पालिकाद्वारा प्रत्येक वडामा एक वडा एक सहकारी वा संकलन केन्द्रलाई वडा स्तरीय सहकारी वा संकलन केन्द्रको रुपमा निर्धारण गर्नेछ। त्यसैगरी तोकिएको सहकारी वा संकलन केन्द्रहरुमध्ये कुनै एक सहकारी वा संकलन केन्द्रको चलायमानता र सान्दर्भिकताको आधारमा पालिका स्तरीय सहकारी/संकलन केन्द्रको रुपमा नियुक्ति गर्ने छ ।

१०) सान्दर्भिकताको र आवश्यकताको आधारमा तोकिएको संकलन केन्द्रलाई थप वा भइरहेको संकलन केन्द्रलाई खारेज गर्ने अधिकार शहिदलखन गाउँपालिकालाई हुनेछ ।

११) तोकिएको वडा स्तरीय र पालिकास्तरीय कृषि सहकारीले निम्न बमोजिमको शर्तहरु राखी पालिकासंग सम्झौता गर्नेछ ।

क) कृषि सहकारीले कृषक समूहमा उत्पादन योजना बनाउन सहयोग गर्नुपर्ने छ ।

ख) कृषि सहकारीले सरोकारवाला संघ संस्था,प्रदेश अन्तर्गतका कार्यालय, कृषि ज्ञान केन्द्रमा प्रस्तावना पेश गरी समूहमा उत्पादन बढाउन सहयोग गर्ने ।

ग) कृषि सहकारीले कृषि जन्य उत्पादनमा बृद्धि गर्नको लागि कृषक वा कृषक समूहमा सहुलियत ब्याजदरमा ऋण लगानी गर्नुपर्ने छ ।

घ) बिक्री वितरणको लागि सहकारीले बजार व्यवस्थापन स्वयम गर्नुपर्ने छ ।

ङ) कृषि उपजको बजार व्यवस्था गर्दा के,कसरी बढी मूल्य प्राप्त गर्न सकिन्छ भनि ध्यान दिनुपर्ने छ ।

च) कृषकको उत्पादन ग्रेडिङ्, प्याकेजिङ्ग र सुरक्षित ढुवानी गर्नुपर्ने छ ।

छ) सहकारीले मूल्य निर्धारण समिति बनाइ मूल्य निर्धारण गर्नुपर्ने छ ।

ज) कृषकलाई तरकारी संकलन पछि तत्काल भुक्तानीको व्यवस्था मिलाउनु पर्ने छ ।

झ) सहकारीले मासिक रुपमा गाउँपालिकामा प्रगति प्रतिवेदन पेश गर्नुपर्ने छ ।

१२) यदि सहकारी/संकलन केन्द्रद्वारा राखिएको खरिद/बिक्री र मूल्यको अभिलेखिकरण गलत वा झुठा ठहरिएमा सो सहकारी/संकलन केन्द्रलाई पालिकाबाट कालोसूचीमा राखिने छ तथा नियमअनुसार कारवाही गर्ने अधिकार स्थानीय तहलाई हुनेछ।

## परिच्छेदः ४
## आर्थिक कृषि अनुदान सम्वन्धी व्यवस्था

५. **कृषि अनुदान तथा आर्थिक सहायताः** (१) शहिद लखन गाउँपालिका भित्र रहेका कृषकहरुलाई कृषि उत्पादनको बजारीकरण र उचित दरभाउप्रति सुनिश्चितता कायम गरी कृषि पेशालाई थप प्रोत्साहन गर्नका निम्ति पालिकास्तरीय न्यूनतम समर्थन मूल्य निर्धारण गर्न आवश्यक देखिएको छ ।तोकिएका तरकारी उपजको तोकिएको न्यूनतम समर्थन मूल्य भन्दा बजार मूल्य कम भएमा न्यूनतम समर्थन मूल्यको आधारमा हिसाब गणना गरी अनुदान रकम उपलब्ध गराइने छ ।

(२) उपदफा १ बमोजिमको आर्थिक अनुदान प्राप्त गर्न कृषक र सहकारीको भूमिका देहाय बमोजिम हुनेछ।

**अ. कृषकको भूमिका :**

क) न्यूनतम् समर्थन मूल्य अनुदान कार्यक्रममा सहभागी हुन र अनुदान रकम प्राप्त गर्नका निम्ति कृषकले आफ्नो उत्पादनको बिक्री अभिलेखीकरण सम्बन्धित वडाको लागि गाउँपालिकाबाट तोकिएको संकलन केन्द्रमा दर्ता गराउनु पर्दछ ।

ख) कृषि उत्पादन र बिक्रीको दैनिक लेखाजोखा कृषक स्वयंले राख्नुपर्दछ ।

**आ.सहकारीको भूमिका :**

क) कृषकहरुद्वारा संकलित उत्पादन र बिक्रीको अभिलेखिकरण व्यवस्थित र पारदर्शीपूर्वक राख्नुपर्नेछ ।

ख) सहकारी वा संकलन केन्द्रले मासिक रुपमा अनुदान रकम गाउँपालिकाबाट भुक्तानी दिनेछ र प्राप्त रकम संम्बन्धित कृषकलाई बुझाउने छ ।

ग) उत्पादनमा आधारित अनुदान भुक्तानीको लागि सम्बन्धित संकलन केन्द्र वा सहकारीले तपशिल अनुसारको कागजातहरु गाउँपालिकामा पेश गर्नेछ ।

- निवेदन
- वडा कार्यालयको सिफारीस
- अनुसूचि १ बमोजिम संकलित उत्पादनको अभिलेखिकरण
- अनुसूचि १ बमोजिम कृषकले रकम प्राप्त गरेको भरपाई
- सहकारीको मासिक प्रगति प्रतिवेदन

## परिच्छेदः ५

## मूल्य निर्धारण समिति र कार्यन्वयन सम्बन्धी व्यवस्था

६. गाउँपालिका भित्रको सम्पूर्ण वडाहरुमा संकलन र बिक्री दररेटमा समानता कायम गर्न मूल्य निर्धारण समिति रहनेछ र सहकारीको अभिलेखिकरणमा समितिले तोकेको दररेटमा राख्नुपर्दछ ।

७. देहाय बमोजिमको सदस्यहरुलाई समेटेर पालिकास्तरीय मूल्य निर्धारण समिति गठन गरिनेछ ।

क) पालिकास्तरीय मूल सहकारी व्यवस्थापक १ जना — संयोजक

ख) पालिकास्तरीय मूल सहकारी बजार प्रतिनिधि बढीमा २ जना — सदस्य

ग) अगुवा कृषक प्रतिनिधि बढीमा ३ जना — सदस्य

घ) शहिद लखन गाउँपालिका कृषि शाखा प्रतिनिधि — सदस्य सचिव

८. अनुदान समितिले निर्धारण गरेको मूल्यको आधारमा सहकारीलाई भुक्तानी दिइनेछ र सहकारी मार्फत् कृषकलाई उपलब्ध गराइनेछ ।

## परिच्छेदः ६

## खर्चको स्रोत व्यवस्थापन तथा सञ्चालन

**९. खर्चको स्रोतः**

(१) यस कार्यविधिमा तोकिए वमोजिमका कार्यक्रम सञ्चालन तथा अनुदान प्रदान गर्न  देहायका स्रोतबाट प्राप्त रकम प्रयोग गरिनेछ -

(क) गाउँपालिकाबाट प्राप्त रकम,

(ख) अन्य कुनै स्रोतबाट प्राप्त रकम

**१०. लेखा र लेखापरीक्षण**

(१) अनुदान रकमको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) अनुदान रकमको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेदः ६

## विविध

**११. विविधः १)** यस कार्यविधिलाई गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्ने छ ।

२) यस कार्यविधिको सम्बन्धमा कुनै दुविधा, अन्यौलता वा अस्पष्टता भएमा सो सम्बन्धमा स्पष्ट गर्ने र बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा निहित रहने छ ।

अनुसूची-१

कृषि तथा पशुजन्य बस्तुको न्यूनतम सर्मथन मूल्य

| क .स. | कृषि तथा पशुजन्य बस्तुको नाम | इकाई | परिमाण | पालिकाले तोकेको न्यूनतम सर्मथन मूल्य (रु.) |
|---|---|---|---|---|
| १ | जिउदो खसीको मूल्य | के.जी. | १ | ६०० |
| २ | खसीको मासुको मूल्य | के.जी. | १ | ९०० |
| ३ | बंगुरको मासुको मूल्य | के.जी. | १ | ३६० |
| ४ | रागोको मासुको मूल्य | के.जी. | १ | ४०० |
| ५ | लोकल कुखुराको मासु | के.जी. | १ | ८०० |
| ६ | गिरिराज कुखुराको मासु | के.जी. | १ | ५०० |
| ७ | माछाको मासुको मूल्य | के.जी. | १ | ५०० |
| ८ | दूधको मूल्य | लिटर | १ | १५० |
| ९ | घिउ | माना | १ | ९०० |
| १० | मह | माना | १ | ९०० |
| ११ | आलु | के.जी. | १ | ४० |
| १२ | पिडालु | के.जी. | १ | ५० |
| १३ | मकै | के.जी. | १ | ४० |
| १४ | कोदो | के.जी. | १ | ४० |
| १५ | धान | के.जी. | १ | ३५ |
| १६ | मास | के.जी. | १ | २०० |
| १७ | भट्टमास | के.जी. | १ | १५० |
| १८ | तोरी | के.जी. | १ | १५० |
| १९ | मस्याङ | के.जी. | १ | १२५ |
| २० | बेसार | के.जी. | १ | ३०० |

पौष ०४, २०७९ मा बसेको शहिद लखन गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले सर्वसम्मतिले पारित गरेको व्यहोरा प्रमाणित गर्दछु ।

................................

बाबुराम मगर

प्रमुख प्रशासकीय अधिकृत

शहिद लखन गाउँपालिका

मितिः २०७९।०९।०४